## सूचना ११

खण्ड ३६ मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (अ) नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित मोरङ-सुनसरी, मकवानपुर-चितवन र बाँके-बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरू विघटन गरिएका छन् ।

## सूचना १२

श्री ५ को सरकारको निर्णयानुसार (१) मोरङ जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (२) सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (३) मकवानपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (४) चितवन जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (५) बाँके जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (६) बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (७) उदयपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (८) बारा-पर्सा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (९) सुर्खेत जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्षहरूले उक्त आयोगहरू कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी देहाय कानूनअन्तर्गतका निम्नलिखित अधिकारहरू प्रदान गरिएको छ ।

(क) सार्वजनिक सुरक्षा ऐन, २०२८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी उक्त आयोगहरूको अध्यक्षले सोही ऐनको दफा ३ को उप-दफा (१) को खण्ड (ख) र (घ) बमोजिमको अवस्थामा उक्त उप-दफाबमोजिम अधिकार ।

(ख) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरीः–

१. वन ऐन, २०१८ को दफा ३, ८ र सो ऐनअन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू ।

२. वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा ३ र सो ऐनअन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू ।

३. जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नाप जाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ बमोजिम अधिकारीको अधिकारहरू ।



९८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मालपोत ऐन, २०३४ को दफा २४ को उप-दफा (४) दफा २९ र ३० बाहेक अन्य दफाअन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू ।

५. मालपोत ऐन, २०३४ को दफा २६ को उप-दफा (१) र मालपोत नियमावली, २०२६ को नियम १६ को उप-नियम (१) बमोजिम तोकिएको समितिको अधिकार उपरोक्त जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरूले पनि प्रयोग गर्ने ।

६. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६, ६ (क), ६ (ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू ।

(ग) निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी उक्त आयोगहरूमा खटिई जाने निजामती कर्मचारी र सम्बन्धित वन डिभिजन कार्यालयअन्तर्गतका कर्मचारीहरूको हकमा उक्त आयोगको अध्यक्षलाई सो नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने गरी तोकिएको छ ।

(घ) उपर्युक्तबमोजिम आयोगहरूले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित न्यायपालिका र शाही सेना बाहेक अन्य जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले अविलम्ब कार्यान्वयन गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट आ-आफ्नो मातहतका कार्यालयहरूलाई निर्देशन दिने ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

१५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।